नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः ४४, चैत्र २८ गते, २०७९ साल

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको आचार संहिता स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३)बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग २

## लैङ्गिक तथा यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता २०७९

**गाउँकार्यपालिका बाट स्वीकृत मितिः २०७९।१२।२७**

## लैङ्गिक तथा यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता २०७९

सिद्धलेक गाउँपालिका,बुङ्चुङ,धादिङ ।

हामी.............

१. लैङ्गिक तथा जातीय विभेदपूर्ण शब्द तथा व्यवहार गर्नेछैनौ साथै अरुलाई मन नपर्ने अस्वभाविक व्यवहार तथा शब्द प्रयोग गर्नेछैनौं ।

२. जेष्ठ नागरिक,यौनिक तथा अल्पसंख्यक, महिला बालवालिका तथा अङ्गता भएका व्यक्ति प्रति सम्मानजनक तथा सकारात्मक व्यहार गर्ने छौ ।

३. हिंसाजन्य व्यवहार र दुर्व्यवहार (जातिय छुवाछुत, लैङ्गिक विभेद तथा अपमान ) गर्नेछैनौ र अरुले गरेको पनि सहने छैनौं ।

४. लैङ्गिक तथा जातीय आधारमा अरुलाई पिडादायक (Harassment) बोली,बचन तथा व्यवहार गर्ने छैनौं ।

५. आ-आफ्नो जिम्मेवारी इमान्दारीता पूर्वक पुरा गर्ने छौ र सेवा दिँदा तथा लिँदा विभेद गर्ने छैनौं लिङ्ग तथा जातीय आधारमा कुनै पनि व्यक्तिको कार्यक्षमता प्रति शंका तथा उपशंका गरेर हतोत्साहित गर्ने छैनौं।

६. कार्यालयमा कसैले कसैलाई दुर्व्यवहार गरेमा सम्वन्धित जिम्मेवार व्यक्तिलाई जानकारी गराउनेछौं । र शुन्य सहाशिलताको नीतिलाई अवलम्वन गर्नेछौ ।

७. सवैमा सम्मान, सद्भाव र सहयोगी व्यवहार गर्नेछौं र कार्यस्थलमा अरुको निजी कुरा गरेर कार्य सम्वन्ध विगार्ने छैनौं।

८. कार्यस्थलको वातावरण स्वस्थ, सुरक्षित,परादर्शी, निष्पक्ष र लैङ्गिक हिंसा मुक्त बनाउनेछौं ।

९. लैङ्गिक दुर्व्यवहार सामाजिक रुपमा अमानविय र कानुनी रुपमा दण्डनीय भएकोले यसलाई पालना गर्नु हरेक नागरिकको कर्तव्य हो ।

१०. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन २०७१ अर्न्तगत सिद्धलेक गाउँपलिकाले तयार गरेको आचार संहिता २०७९ पालना गर्न प्रतिवद्ध छौं ।

सिद्धलेक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

वुङ्चुङ, धादिङ

बागमती प्रदेश,नेपाल ।